# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, भदौ २१ गते २०३९ साल

श्री ५ को सरकार

### वाणिज्य तथा आपूर्ति मन्त्रालयको

### सूचना

श्री ५ को सरकारले मिति २०३९।३।२ को निर्णय अनुसार निकासी व्यापार प्रवर्द्धन तथा विकासको लागि देहायबमोजिमको राष्ट्रिय स्तरमा एक राष्ट्रिय निकासी व्यापार विकास परिषद् गठन गरी सो परिषद्लाई देहायबमोजिमको अधिकार र काम कर्तव्य तोकेकोले यो सूचना प्रकाशित गरिएको छ ।

(१) परिषद्को गठनः परिषद्को गठन देहायबमोजिम हुनेछः—

| | |
|---|---|
| (क) वाणिज्य तथा आपूर्ति मन्त्री | अध्यक्ष |
| (ख) सदस्य, राष्ट्रिय योजना आयोग | सदस्य |
| (ग) गभर्नर, नेपाल राष्ट्र बैंक | सदस्य |
| (घ) सचिव, अर्थ मन्त्रालय | सदस्य |
| (ङ) सचिव, वाणिज्य तथा आपूर्ति मन्त्रालय | सदस्य |
| (च) सचिव, उद्योग मन्त्रालय | सदस्य |
| (छ) सचिव, कृषि मन्त्रालय | सदस्य |
| (ज) अध्यक्ष, नेपाल उद्योग वाणिज्य संघ | सदस्य |



२८१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(झ) अध्यक्ष, नेपाल समुद्रपार निकासी पैठारी संघ सदस्य

(ञ) सभापति, नेपाल चेम्बर अफ कमर्स सदस्य

(ट) श्री ५ को सरकारबाट मनोनित विशेषज्ञ एक जना सदस्य

(ठ) प्रमुख, व्यापार प्रवर्द्धन केन्द्र सदस्य-सचिव

(२) परिषद्को अधिकारः परिषद्को अधिकार देहायबमोजिम हुनेछः–

निकासी प्रवर्द्धनको निमित्त परिषद्ले आफ्नो कार्यक्षेत्रको परिधिभित्र रही आवश्यक निर्णयहरू गर्न सक्नेछ र आफूले गरेको निर्णयहरू सम्बन्धित निकाय मार्फत कार्यान्वयन गर्ने गर्न लगाउनेछ। श्री ५ को सरकारको स्वीकृति लिनु पर्ने विषयहरूको हकमा यस मन्त्रालय मार्फत पेश गरिनेछ।

(३) परिषद्को काम कर्तब्यः परिषद्को काम कर्तब्य देहायबमोजिम हुनेछः–

(क) वार्षिक निकासी योजना तथा कार्यक्रमहरू तर्जुमा गरी सम्बन्धित निकायहरू मार्फत सुनियोजित र प्रभावकारी ढंगबाट कार्यान्वयन गर्ने गराउने।

(ख) निकासी व्यापारमा संलग्न विभिन्न निकायहरूलाई सुदृढ गरी समन्वयात्मक रूपले देशको निकासी प्रवर्द्धन कार्यक्रमलाई बढी क्रयाशील गर्ने।

(ग) निर्यात योग्य वस्तुहरूको गुणात्मक तथा परिमाणात्मक रूपले उत्पादन बढाई निर्यात क्षमताको बृद्धि गर्न वस्तुगत तथा बजारगत आधारमा कार्यक्रम तर्जुमा गरी सम्बन्धित निकायमार्फत प्रभावकारी तरीकाले कार्यान्वयन गर्ने गराउने।

(घ) निकासी प्रवर्द्धनको लागि आवश्यक अध्ययन, अनुसन्धान, तालीम, प्रचार, प्रसार जस्ता सेवाहरूलाई व्यापक तथा प्रभावकारी गर्ने गराउने।

(ङ) निकासीसित सम्बन्धित विभिन्न विषयहरूको समसामयिक पुनरावलोकन गर्ने।

(च) निकासी प्रवर्द्धनका विभिन्न कार्यक्रमहरूलाई राष्ट्रिय स्तरमा बढी प्रभावकारीताका साथ संचालन गर्दै जान सचिवालयको रूपमा रहने व्यापार प्रवर्द्धन केन्द्रलाई बढी सुदृढ एवं सुसंगठित गर्ने।

(छ) आवश्यकतानुसार उप-समितिहरू गठन गरी काम कारवाही गर्ने र गर्न लगाउने।

आज्ञाले,
शंकरकृष्ण मल्ल
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।